# नेपाल, ४ नम्बर प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड १, संख्याः ७, चैत्र २० गते, २०७४ साल

# भाग १


**सभाबाट स्वीकृत मितिः २०७४।१०।२७**

## व्यास नगरपालिका फोहोरमैला व्यवस्थापन सम्बन्धी ऐन २०७४

नेपालको संविधान २०७२ को धारा ३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ झ र ञ बमोजिम "व्यास नगरपालिका फोहोरमैला व्यवस्थापन ऐन, २०७४" नगर सभाबाट मिति २०७४।१०।२७ गते पारित गरी जारी गरिएको छ।

परिच्छेद १

प्रारम्भिक

**१.१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम "व्यास नगरपालिका फोहोरमैला व्यवस्थापन ऐन २०७४" रहेको छ।

(ख) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित गरी २०७५ श्रावण १ गतेदेखि लागू गरिने छ।

**१.२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः**

(क) "कसुर तथा सजायँ एवं दण्ड जरिवाना" भन्नाले फोहोरमैला ऐनको परिच्छेद २ को दफा २, ३ बमोजिम भएको बुझाउने छ।

(ख) "कार्यालय" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई जनाउने छ।

(ग) "अनुमति" भन्नाले नगरपालिकाद्वारा फोहोरमैला व्यवस्थापनको लागि दिइएको इजाजत पत्र भन्ने बुझिन्छ।

(घ) "हानिकारक फोहोर" भन्नाले अस्पतालजन्य फोहोर र रसायनिक विषादी समेतलाई बुझाउने छ ।

(ङ) "फोहोरमैला पृथकीकरण" भन्नाले कुहिने, नकुहिने र हानिकारक फोहोर भन्ने बुझाउने छ ।

(च) "अनुगमन समिति" भन्नाले नगरपालिकाद्वारा गठन गरिएको अधिकार सम्पन्न समिति बुझाउने छ ।

(छ) "सरसफाई शुल्क" भन्नाले नगरपालिकाले उठाउने फोहोरमा लाग्ने तोकिएको शुल्क भन्ने बुझाउने छ ।

(ज) "सञ्चार माध्यम" भन्नाले पत्रपत्रिका, एफ.एम. रेडियो लगायत टेलिभिजन आदिलाई बुझाउने छ ।

(झ) "जरिवाना" भन्नाले कानून विपरीत फोहोरमैला निष्काशन गर्ने, फोहोरमैलाका सवारी साधनमा तोडफोड गर्ने र फोहोरमैला विसर्जन गर्ने स्थानमा होहल्ला गर्नेलाई नगरपालिकाद्वारा गरिने जरिवाना भन्ने बुझाउने छ ।

(ञ) "निषेधित फोहोर" भन्नाले व्यास नगर कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी प्रतिबन्द लगाएको वस्तु भन्ने बुझाउने छ ।

(ट) "सरोकारवाला सङ्घ संस्था" भन्नाले उद्योग वाणिज्य सङ्घ नगर र जिल्ला, वडा कार्यालय, टोल विकास संस्था, पत्रकार र समन्वयकारी सरकारी तथा गैर सरकारी सङ्घ संस्था भन्ने बुझाउने छ ।

(ठ) "सरसफाई सेवा शुल्क छुट" भन्नाले नगरपालिकाले अति बिपन्न भनी सूचिकृत गरेका र फोहोरमैला स्रोतमा नै वर्गीकरण गर्ने घरधुरीलाई बढीमा ५० प्रतिशतसम्म सरसफाई शुल्कमा दिइने छुटलाई बुझाउने छ ।

(ड) "फोहोरमैला निषेधि क्षेत्र" भन्नाले खुल्ला रूपमा फोहोरमैला निष्काशन गर्न नपाइने क्षेत्रलाई बुझाउने छ ।

(च) "आँशिक रूपमा सरसफाई हुने क्षेत्र" भन्नाले नियमित रूपमा सरसफाई नहुने क्षेत्रलाई बुझाउने छ ।

**१.३ <u>ऐनको व्याख्या</u>**: यस ऐनको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

**१.४ <u>ऐनको संशोधन</u>**: नगर कार्यपालिकाको निर्णयानुसार नगर सभाबाट ऐनको संशोधन हुनेछ ।

## परिच्छेद २
## नगरपालिकाले लगाउने सरसफाई सेवा शुल्क र जरिवानाको व्यवस्था

**२.१ <u>सरसफाई सेवा शुल्क</u>**: नगरपालिका आर्थिक ऐनमा उल्लेख भए अनुसार निम्न कार्यहरुमा सेवा शुल्क लिइनेछ ।

(क) आंसिक रूपमा सरसफाई हुने क्षेत्र,

(ख) नियमित रूपमा सरसफाई हुने सफा सडक र राजमार्ग क्षेत्र बाहेक, वडा नं. २, ३ र ४ का शहरी क्षेत्र,

(ग) नियमित रूपमा सरसफाई हुने सफा सडक र राजमार्ग क्षेत्र,

(घ) ठूला होटल, नाई, हस्पिटल, बोर्डिङ स्कुल तथा क्लिनिक, वित्तीय संस्था र व्यवसायी सङ्घ संस्थाहरु आदिको क्षेत्र,

(ङ) सरकारी तथा गैरसरकारी कार्यालयहरु,

(च) सक्कसन ट्याङ्क नगरपालिका क्षेत्र भित्र प्रत्येक पटक प्रति ट्याङ्कर इन्धन र चालक भत्ता बाहेक,

(छ) सक्कसन ट्याङ्क नगरपालिका क्षेत्र बाहिर प्रत्येक पटक प्रति ट्याङ्कर इन्धन र चालक भत्ता बाहेक

(ज) सेप्टिट्याङ्क प्रयोजनका लागि ट्याक्टर प्रयोग गरेमा प्रति ट्र्याक्टर

(झ) चालक र हेल्परको भत्ता नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(ट) व्यवसायिक घर (भाडामा, व्यापार, व्यवसाय गरेको) तथा पसल कवलहरु

(ठ) घर भाडामा लगाएको प्रत्येक घरको प्रति कोठा

(ड) अव्यवस्थित बसोबास भएको घर धुरीहरुको हकमा

(त्र) शहरी वडाहरुमा स्वयम सेवक कर्मचारी खटाई स्थलगत/घर दैलोमा गई सरसफाई शुल्क सङ्कलन गरिने छ, जसका लागि सरसफाई शुल्क कार्ड तयार गरी प्रत्येक घर लगत सँगै नाम र घरको वर्गीकरण गरिने छ । कुनै व्यक्ति वा संस्थालाई फोहोर सङ्कलन जिम्माको अनुमति नगरपालिकाले दिन सक्नेछ ।

२.२ **निषेधित क्षेत्रभित्र** "फोहोरमैला व्यवस्थापन ऐन" विपरीतका निम्नानुसारका गतिविधिहरु भए गरेमा यसै ऐनले निर्दिष्ट गरे अनुसार कारवाही गरिने छः

(क) घर, कम्पाउण्डको फोहोर सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने र थुपार्ने विरुद्ध,

(ख) हानिकारक फोहोर भनी तोकिएका फोहोरहरु अन्य कुनै साधारण फोहोरमा मिसावट गर्न नपाइने,

(ग) आफ्नो घरको ढल, लिचड अन्य व्यक्तिको घर वा जग्गामा प्रदुषण गर्ने,

(घ) फोहोरमैला सङ्कलन गर्ने सवारी साधनलाई अवरोध हुने गरी कुनै सवारी साधन राखेमा वा हटाउन इन्कार गरेमा,

(ङ) फोहोरमैला सङ्कलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापन गर्ने कार्यमा बाधा अवरोध सृजना गरेमा वा हड्ताल गरेमा,

(च) नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी प्रतिबन्ध लगाइएको फोहोरमैला र अत्यधिक उत्पादन गर्ने वस्तु भनी तोकिएकोमा,

(छ) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही स्वयं व्यक्तिले जिम्मा लिई नष्ट नगरेमा,

(ज) औषधीजन्य फोहोरमैला तथा औजारलाई मापदण्डमा तोके बमोजिम नष्ट गर्ने र साधारण फोहोरमा मिसावट गर्न नपाइने,

(झ) आ-आफ्नो घर आँगन वा पसलकवल अगाडि राखिएको, थुपारिएको वा जम्मा गरिएको फोहोर सोही घरधनी वा पसल कवलवालाले जिम्मा लिनुपर्ने । साथै दुई घरको मध्ये भाग वा दुई व्यवसायीको कवलको मध्ये भागमा फोहोरमैला खुला रूपमा फालेको अवस्थामा फोहोर फाल्ने व्यक्तिको पहिचान गर्ने जिम्मेवारी दुवै घरधनी तथा व्यवसायीको नै हुनेछ । अन्यथा सोको पूर्ण दायित्व दामासाहीले दुवै पक्षले लिनुपर्नेछ,

(ञ) नगरपालिका क्षेत्रभित्र रहेका राजमार्ग, सहायक राजमार्ग र अन्य मार्गहरुमा चल्ने सवारी साधन वा सवारी साधनमा यात्रा गर्ने यात्रुहरुबाट फोहोर निष्काशन भएमा वा सडकमा फालेको पाइएमा,

(ट) नगरपालिकाले पैदल यात्रीको लागि तोकिएको स्थान/डस्विनमा फोहोर नफाली अन्यत्र सडक किनारा वा सार्वजनिक स्थानमा फोहोरमैला फालेमा,

(ठ) घरधनीले आफूले पालेको घरपालुवा चौपाया एवं पशु पंक्षीलाई सडक वा सार्वजनिक स्थानमा खुल्ला रूपमा दिसा पिसाब गराएमा,

(ड) सडक पेटीमा सामान फिजाउने वा बिक्रीका लागि सामान राखेमा वा स्वयं घरधनीले राखेमा,

(ढ) डोको, ठेला लगायतका साधनमा सामान राखी सार्वजनिक स्थल वा निषेधित स्थानमा बसी सामान बिक्री वितरण गरेमा,

(ण) माछा, मासु उत्पादन तथा बिक्री वितरण गर्दा उत्पादन हुने मासुजन्य फोहोरहरु (हाड, सिँङ, खुर र अन्य) सम्बन्धित व्यवसायीले यथा समयमा नै उचित व्यवस्थापन नगरेमा,

२.३ <u>जरिवानाः</u>

नियम २.२ अनुसारको कसुर गर्ने व्यक्ति वा सङ्घ संस्थालाई निम्नानुसारको जरिवाना गरिने छः

(क) यो ऐन लागू भएपश्चात् कसुर गर्ने व्यक्ति वा सङ्घ संस्थालाई पहिलो पटक रु.५००। जरिवाना हुनेछ ।

(ख) सोही प्रकृतिको कसुर गर्ने व्यक्ति वा सङ्घ संस्थालाई दोस्रो पटक रु.१,०००। जरिवाना हुनेछ ।

(ग) सोही प्रकृतिको कसुर गर्ने व्यक्ति वा सङ्घ संस्थालाई तेस्रो वा सोभन्दा बढी पटक गरेमा रु.५,०००। प्रति पटक जरिवाना र फोहोर उठाउन लाग्ने खर्च समेत निजबाट असुल गरिने छ ।

२.३.१ कन्टेनर, सरसफाई सवारी साधन तोडफोड गर्नेलाई पहिलो पटक रु.५,०००। दोस्रो पटक रु.१०,०००। तेस्रो पटक वा सोभन्दा बढी रु.५०,०००। सम्म जरिवाना गरिने छ । साथै क्षतिको जिम्मा समेत सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

२.३.२ फोहोरमैला सङ्कलन गर्ने स्थान, फोहोरमैला ढुवानी मार्ग, फोहोरमैला बिसर्जन स्थल आदिमा अवरोध उत्पन्न गरी हड्ताल गर्ने व्यक्ति वा सङ्घ संस्थालाई पहिलो पटक रु.३०,०००। सम्म जरिवाना गरिने छ र सोभन्दा बढी अवरोध गर्ने व्यक्ति वा संस्थालाई रु.५०,०००। सम्म जरिवाना गरिने छ ।

२.३.३ यस ऐन बमोजिम तोकिएको शुल्क, गरिएको जरिवाना तिर्न इन्कार गर्ने व्यक्ति वा सङ्घ संस्थालाई निजले प्रयोग गर्दै आएको खानेपानी, विद्युत लगायतका सुविधाहरु कट्टा गर्ने, नगरपालिका क्षेत्रभित्र सञ्चालित उद्योग व्यवसाय बन्द गर्ने साथै घरजग्गा बिक्री रोक्का समेत गरिने छ ।

परिच्छेद ३

समिति गठन तथा काम, कर्तव्य अधिकार

## ३.१ सरसफाई अनुगमन तथा कार्यान्वयन समिति गठन

३.१.१ यो ऐन प्रारम्भ भएको मितिदेखि ऐन कार्यान्वयन गर्ने गरी देहायको उच्चस्तरीय सरसफाई अनुगमन तथा कार्यान्वयन समितिमा देहायका पदाधिकारीहरु रहनेछन् ।

(क) संयोजकः नगर प्रमुख

(ख) सदस्यः संयोजक वातावरण तथा विपद् व्यवस्थापन समिति

(ग) सदस्यः वडा नं १, २, ३, ४ र ५ बाट वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति १/१ जना

(घ) सदस्यः संयोजक अस्पताल तथा मेडिकलजन्य फोहोरमैला व्यवस्थापन समिति

(ङ) सदस्य सचिवः व्यास नगरपालिका वातावरण सरसफाई शाखा प्रमुख

## ३.१.२ काम, कर्तव्य र अधिकार

(क) यो ऐन कार्यान्वयन गर्ने सम्बन्धमा स्थानीय पत्रपत्रिका लगायत सञ्चार माध्यम र टोल विकास संस्थामा सूचना प्रवाह गर्ने र गर्न लगाउने ।

(ख) खुल्ला फोहोरमैला निषेधित क्षेत्रको स्थलगत रूपमा गई फोहोरमैला सम्बन्धी अनुगमन गर्ने र गर्न लगाउने र अनुगमनको बखत नियम विपरीत भएको पाइएमा तत्काल जरिवाना गर्ने र गर्न लगाउने ।

(ग) जरिवाना शुल्क बुझाउन इन्कार गरेमा सेवा शुल्क रोक्का गर्न नगरपालिकालाई तत्काल सिफारिस गर्ने ।

(घ) समय अनुकूल खुल्ला फोहोरमैला निषेधित क्षेत्र निर्धारण गर्ने ।

(ङ) फोहोरमैला पृथकीकरण/वर्गीकरण गर्न जनचेतना एवं सहजीकरण गर्ने ।

(च) फोहोर निष्काशन गर्ने समय र स्थान तोक्ने ।

(छ) फोहोरमैला व्यवस्थापनका लागि अनुमति प्रदान गर्ने र अनुमति नलिई फोहोरमैलाको बिक्री वितरण सङ्कलन तथा भण्डारण गर्नेलाई कारवाही गर्ने र गर्न लगाउने ।

(ज) यस ऐनमा उल्लेखित अन्य आवश्यक कुराहरुमा सुझाव एवं सल्लाह लिई भावी नीति तथा कार्यक्रमको प्रस्ताव तयार गरी नगरपालिकामा पेश गर्ने ।

(झ) सरसफाई शुल्क उठाउन तथा व्यवस्थापन गर्न एवं निजी क्षेत्रसँग समन्वय, सहभागिता एवं साझेदारी गरी फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन गर्ने तथा फोहोरमैलाको व्यवस्थापन गर्ने कार्यमा नगरपालिकालाई सहयोग गर्ने ।

(ञ) दीर्घकालीन फोहोरमैला व्यवस्थापनको लागि स्यानीटरी ल्याण्डफिल साइटको निर्माण र सञ्चालन एवं फोहोरमैलाको वर्गीकरण गर्दै Zero Waste Management को अवधारणा अनुसार अगाडि बढ्न नगरपालिकालाई सहयोग गर्ने ।

(ट) ऐन/कानूनको बर्खिलाप गर्ने र तोकिएको जरिवाना तिर्न इन्कार गर्ने व्यक्ति संस्था वा व्यवसायीलाई प्रहरी प्रशासनसँग समन्वय गरी हदैसम्मको कारवाही गर्न प्रक्रिया अगाडि बढाउने ।

## परिच्छेद ४
## समन्वय, प्रोत्साहन एवं पुरस्कारको व्यवस्था

**४.१ समन्वयः**

(क) यस ऐन कार्यान्वयन गर्ने सम्बन्धमा विशेष गरी देहायका सङ्घ संस्था एवं कार्यालयहरुसँग समन्वय गरिनेछ ।

-वडा समिति
-पत्रकार महासंघ तनहुँ
-जिल्ला स्थित सुरक्षा निकाय
-उद्योग वाणिज्य संघ
-टोल विकास संस्था
-स्थानीय क्लबहरु
-नगरपालिका क्षेत्रमा सक्रिय एन.जि.ओ. एवं अन्य विभिन्न सामाजिक सङ्घ संस्थाहरु
-सम्बन्धित सरकारी कार्यालय

(ख) नियम ३.१ द्वारा गठन गरिएको फोहोरमैला अनुगमन तथा कार्यान्वयन समितिले आवश्यकता अनुसार आवश्यक सुझाव, सल्लाह एवं राय परामर्शका आधारमा ऐन कार्यान्वयन गर्न सहयोग लिनेछ ।

**४.२ प्रोत्साहन**:

(क) यस ऐन कार्यान्वयन गर्ने क्रममा नियम २.२ मा भएको व्यवस्था अनुसार गरिएको जरिवाना रकम प्रोत्साहन स्वरूप देहायका सहयोगी सङ्घ संस्थालाई केही रकम विनियोजन गर्न सकिनेछ ।
(फोहोरमैला व्यवस्थापनमा उल्लेखनीय कार्य गर्ने वडा समिति, टोल विकास संस्था/सक्रिय क्लबहरु तथा विभिन्न सङ्घ संस्थाहरुलाई पुरस्कार स्वरूप अनुदानको व्यवस्था गर्न सकिने छ ।

(ख) नियम ४.२ (क) बमोजिम जरिवानाको रकम अनुदान प्राप्त गर्नको लागि तत् संस्थाले देहायको सहयोग एवं समन्वय गर्ने दायित्व हुनेछ ।
(वडा समिति, टोल विकास संस्था/सक्रिय क्लबहरु/अन्य संस्थाहरु

१) फोहोरमैला गर्नेको नाम र सूचना फोहोरमैला अनुगमन तथा कार्यान्वनय समितिलाई उपलब्ध गराउने,
२) फोहोरमैला गर्नेलाई तत्काल स्थलगत रूपमा जरिवाना गर्न समितिलाई सहयोग गर्ने गराउने,
३) आ-आफ्नो कार्यक्षेत्रमा खुल्ला फोहोरमैला निषेधित क्षेत्र घोषणा गरिएकोमा पूर्ण कार्यान्वन गर्न सहयोग गर्ने गराउने ।

**४.३ पुरस्कार र सम्मान**

(क) यस फोहोरमैला व्यवस्थापन ऐन, २०७४ प्रारम्भ भएको मितिदेखि ऐनलाई कार्यान्वयन गर्न सहयोग गर्ने वडा समिति तथा टोल विकास संस्थाहरु मध्ये उत्कृष्ट कार्यान्वयन गर्नेलाई फोहोरमैला अनुगमन तथा कार्यान्वयन समिति स्वयंले वा समितिको सिफारिसमा नगरपालिकाद्वारा पुरस्कार एवं सम्मान गरिने छ ।

परिच्छेद ५

## विविध

### ५.१ **निषेधित क्षेत्रः**

(क) खुल्ला रूपमा फोहोरमैला निष्काशन गरी घर बाहिर वा गेट बाहिर फोहोर थुपार्ने, जम्मा गर्ने वा राख्न नपाउने गरी नगरपालिका क्षेभित्रका देहायका क्षेत्रलाई खुल्ला फोहोरमुक्त वा फोहोरमैला निषेधित क्षेत्र मानिने छ ।

प्रथम चरणमा:

१) व्यास नगरपालिका वडा नं. २ र ३ का सम्पूर्ण क्षेत्रहरु,

२) व्यास नगरपालिका वडा नं.४ को प्रेम चौतारीदेखि पूर्व उत्तर बागभन्ज्याङ्ग, सिमलटार, जुडपानी लगायतको क्षेत्र बाहेक अन्य सम्पूर्ण क्षेत्रहरु,

३) व्यास नगरपालिका वडा नं.५ को पृथ्वी राजमार्ग दायाँबायाँका क्षेत्रहरु,

४) व्यास नगरपालिका वडा नं.१ को पृथ्वी राजमार्ग दायाँबायाँका क्षेत्रहरु,

५) छाब्दी मार्गको दायाँबायाँका क्षेत्रहरु,

६) पराशर क्षेत्र, कालिका जङ्गल पार्क क्षेत्रहरु ।

दोस्रो चरणमा:

१) प्रथम चरणमा उल्लेखित क्षेत्रहरुको सरसफाईको अवस्था र यसको प्रभावकारिताको विश्लेषण गरी अन्य वडाहरुमा क्रमशः विस्तार गरिने छ ।

### ५.२ **फोहोरमैला निष्काशन गर्ने समय र स्थान**

(क) नगरपालिकाद्वारा फोहोरमैला सङ्कलन गरी बिसर्जन गर्ने स्थानमा लानको लागि अनुसूची १ मा उल्लेखित समय तालिका र स्थान तोकिएको छ । श्रोत र साधनको उपलब्धता तथा जनशक्ति व्यवस्थापनको अवस्था र स्थानीय स्तरको माग र औचित्यलाई आधार मानी यो तालिका समय समयमा परिमार्जन गरिने छ ।

(ख) अनुसूची १ बमोजिम समय र स्थानमा फोरह उठाउने साधन नआएसम्म स्वयं घरधनी वा पसल कवल धनीले फोहोरको पृथकीकरण गरी घर भित्र वा सटर भित्र व्यवस्थापन गरी राख्नु पर्नेछ ।

(ग) अनुसूची १ मा उल्लेखित समय र स्थान तोकी फोहोर सङ्कलन गर्न आव्हान गरे तापनि कुनै कारणवस सरसफाई साधन बिग्रन गएमा, मर्मत गर्नुपर्ने भएमा सोको सूचना नगरपालिकाले गर्नुपर्नेछ । सो अवधिसम्म फोहोर व्यवस्थापन गर्ने दायित्व सम्बन्धित सरोकारवालाहरुको हुनेछ ।

५.३ यस ऐनलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिका कार्यालय अन्तर्गतका विभिन्न समिति, उपसमिति लगायत सरसफाईसँग सम्बन्धित अन्य सरकारी तथा गैरसरकारी कार्यालयहरुको समेत दायित्व हुनेछ ।

५.४ नगरपालिका तथा कार्यालयमा दर्ता एवं नवीकरणका लागि सिफारिस भई गएका सरसफाईसँग सम्बन्धित गैरसरकारी संस्थाहरुले यस ऐन कार्यान्वयन गर्ने कार्यमा आवश्यक सहयोग उपलब्ध नगराएमा पुनः नवीकरण गर्न नगरपालिका तथा वडा कार्यालय बाध्य हुने छैन ।

५.५ व्यास नगरपालिकाको प्रत्येक वडामा सरसफाई व्यवस्थापन उपसमिति गठन गरिने छ ।

५.६ फोहोरमैला वर्गीकरण गरी व्यवस्थापन गर्ने व्यवस्थाको थालनी गरिने छ ।

५.७ व्यास नगरपालिकको फोहोरमैला व्यवस्थापन गर्न निजी क्षेत्रलाई दिन सकिने छ ।

५.६ यस ऐनमा उल्लेख भएका विषयहरु बाहेक अन्य विषयहरुको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

५.७ यस ऐनमा उल्लेख भएका विषय वस्तुहरु प्रचलित ऐन नियम वा कानूनसँग बाझिएमा बाझिएको हदसम्म बदर भई अन्य हकमा यही ऐन अनुसार भए गरेको मानिनेछ ।

आज्ञाले
हरिप्रसाद बाँस्तोला
प्रमुख प्रशासकीय अधिकृत